सुदूरपश्चिमाञ्चल विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय,
महेन्द्रनगर कञ्चनपुर ।

**स्नातक तह छैटौं सेमेस्टर इन्जिनियरिङ्ग संकाय को परीक्षार्थीहरुको परीक्षा आवेदन फाराम भर्ने सूचना ।**

**सूचना प्रकाशित मिति : २०७६। ०५। २० गते**

सुदूरपशिचमाञ्चल विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय, महेन्द्रनगर कञ्चनपुरद्वारा सञ्चालन हुने २०७६ सालको परीक्षा कार्यक्रम अनुसार इन्जिनियरिङ्ग संकाय अन्तर्गत सेमेस्टर प्रणालिमा सञ्चालित Undergraduate Level (स्नातक तह) छैटौं सेमेस्टरको पूरा (नियमित एवं आंशिक) परीक्षा दिने परीक्षार्थीहरु स्वयंले परीक्षा आवेदन फाराम भरी आ–आफ्नो विभागमा मिति २०७६ असोज १० गते सम्म बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- फाराम परीक्षार्थी स्वयंले भरी बुझाउनु पर्ने छ ।
- आंशिक परीक्षार्थीले गत सालको सोही खण्डको परीक्षा दिएको रोल नंवर र वर्ष फारामको शिरमा र निर्दिष्ठ ठाउँमा अनिवार्य लेख्नु पर्ने छ ।
- फारम भर्दा वि.वि को नियमावली तथा पाठ्यक्रमले तोके बमोजिम विषयहरु मात्र भर्न भराउनु पर्ने छ । अन्यथा भएमा पनिका जवाफदेही हुने छैन ।
- परीक्षा दिने सैद्धान्तिक र प्रयोगात्मक विषय छुट्याई कोड नंवर सहित पुरा नाम स्पष्ट खुलाएर लेख्नु पर्ने छ
- विभागले फारम बुझाउनु अगाडि आन्तरिक मूल्यांकनको परीक्षामा उत्तीर्ण विद्यार्थीका मात्र फाराम बुझी भरेका प्रत्येक फारम रुजु गरी अंग्रेजी वर्णानुक्रमानुसार स्पष्ट लगत राखी एक प्रति प्रिन्ट सहित CD मा राखी उपलब्ध गराउनु पर्ने छ ।
- परीक्षार्थीले हालसालै खिचेको दुइप्रति एक नासको पासपोर्ट साइजको फोटो टाँसी फोटो र फाराममा समेत पर्ने गरी विभागीय प्रमुखको हस्ताक्षर हुनु पर्ने छ ।
- विभागको हकमा भरेका परीक्षा फारम पहिलो म्याद सकिएको २ दिन भित्र पनिकाको खातामा एकमुस्ट दस्तुर रकम तिरेको वैंक भौचर सहित परीक्षा आवेदन फारम अनिवार्य बुझाई सक्नु पर्ने छ, अन्यथा विलम्व शुल्क विभागले नै तिर्नु पर्ने छ ।
- परीक्षा शुल्क प्रति खण्ड वा सेमेस्टर : स्नातक तह लाई रु ६०० लाग्नेछ ।
- विलम्व शुल्कको हकमा: म्याद समाप्त भएको पहिलोहप्ता सम्म रु २००, दोस्रोहप्ता सम्म रु ५००, तेस्रोहप्ता सम्म रु ७०० ।
- प्रयोगात्मक शुल्क प्रति खण्ड प्रति विषय स्नातक तहका लागि रु २०० का दरले लाग्ने छ ।

परीक्षा नियन्त्रण कार्यालय